बृन्दावन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विश्रामपुर, रौतहट

मधेश प्रदेश, नेपाल

बृन्दावन नगरपालिका नगर कार्यपालिकाको कार्यालय विश्रामपुर, रौतहट मधेश प्रदेश, नेपाल

## आ.ब. २०८२।०८३ को लागि आन्तरिक आय ठेक्का सम्बन्धी बोलपत्र आह्वानको सूचना।

**प्रथम पटक प्रकाशित भएको मिति २०८२/०४/३०**

बृन्दावन नगरपालिकाकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शीर्षकमा आर्थिक वर्ष २०८२/०८३ का लागि नदीजन्य पदार्थको उत्खनन्, बिक्रि तथा निकासीको आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यस बृन्दावन नगर कार्यपालिका कार्यालयको मिति २०८२/०४/२९ गतेको (नगर प्रमुखस्तरीय) निर्णयानुसार बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८२ र मधेश प्रदेश, वन मन्त्रालयबाट स्वीकृत EIA प्रतिवेदनमा उल्लिखित नदीको स्वीकृत घाटहरूको निर्धारित परिमाणको बोलपत्र फाराममा उल्लिखित ठेक्का विवरण तथा शर्तहरुको अधीनमा रही स्वयं उपस्थिति भई आय ठेक्का व्यवस्थापन सम्बन्धी छुट्टाछुट्टै बोलपत्र आह्वान गरिएकोले ईच्छुक फर्म वा कम्पनीहरूलाई बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नम्बर | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्युनतम बोलपत्र रकम रू. (सेवा शुल्क र मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| Mun/Brindawan/NCB/Goods/ River/01/2082/083 | बागमती नदिको रमौली बैरिया घाट १ | २०५१२२१.५७ | १,१२,८१,७१८.६३ | ३,०००.०० | कबोल अंकको ५% |
| Mun/Brindawan/NCB/Goods/ River/02/2082/083 | बागमती नदिको रमौली बैरिया घाट २ र भोटे टोल घाट नाकाको नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण। | ६२८७२२.०८ | ३४,५७,९७१.४४ | ३,०००.०० | कबोल अंकको ५% |

**शर्तहरु:-**

१. शिलबन्दी बोलपत्र प्रति फारम रू. ३०००।– (अक्षरेपी तीन हजार मात्र।) दस्तुर बुझाई यस कार्यालयबाट प्राप्त हुनेछ।

२. यो सूचना प्रकाशित भएको मितिले ३१ औं (एकतीसौं) दिन मिति २०८२।०५।२९ गते कार्यालय समय भित्र निवेदन साथ नविकरण भएको ईजाजतपत्र मु.अ. कर (VAT) मा दर्ता भएको प्रमाणपत्र आ.व. २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित राजश्व शाखाबाट बोलपत्र फारम खरिद गरी सक्नु पर्नेछ।

३. **यो सूचना प्रकाशित भएको मितिले ३२ औं (बतीसौं) दिन मिति २०८२।०५।३० गते दिनको १२:०० बजे भित्र** बोलपत्र फारम साथ नविकरण भएका ईजाजतपत्र, मु.अ. कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम, स्थायी लेखा नम्बर (PAN) बुझाएको नगदी रसिद सहितको शिलबन्दी बोलपत्र राजश्व शाखामा दर्ता गरी सक्नु पर्नेछ।

४. रीतपूर्वक दर्ता हुन आएका गोप्य शिलबन्दी बोलपत्रहरू **३२ औं (बतीसौं) दिन मिति २०८२।०५।३० गते दिनको २:०० बजे** बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। प्रतिनिधिको उपस्थिति नभएपनि कार्यालयमा दर्ता भएका शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. शिलबन्दी बोलपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा शिलबन्दी बोलपत्र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको शिलबन्दी बोलपत्रलाई मान्यता दिइने छैन। बोलपत्रदाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम नघटाई यस कार्यालयको माछापुच्छ्रे बैंक, हर्षाहा स्थित ०७५००६५३९११०००३३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्याता प्राप्त बैंकबाट जारी भएको कम्तिमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

७. अन्य जानकारी तथा आवश्यक विवरणका सम्बन्धमा यस कार्यालयमा सम्पर्क गर्न र बोलपत्र फाराममा गरिएको विस्तृत व्यवस्था अनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

खिम बहादुर भुजेल

प्रमुख प्रशासकीय अधिकृत